**सम्बत् २०७७ साल पौष २६ गते बसेको अर्जुनधारा नगरपालिका नगरकार्यपालिकाको आर्थिक समितिको बैठकको निर्णयहरु**

**निर्णय नं. १:** यस अर्जुनधारा नगरपालिकाको कृषि व्यवसाय र कृषि विकास कार्यलाई कानूनी रुपमा व्यवस्थित गरी कृषि विकासको कार्यको माध्यमबाट स्थानीय आय अभिवृद्धि र गरिबी न्यूनीकरणको माध्यमबाट समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय मूल ध्येय हासिल हुन आगामी आठौं नगर सभाबाट स्वीकृत हुन निम्न ऐन नगरपालिकामा पेश गर्ने निर्णय गरियो । अर्जुनधारा नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७७ ।

**निर्णय नं. २:** यस नगरपालिकामा चालु आ.व. २०७७/७८ को लागि नेपाल सरकारबाट प्राप्त हुन सुनिश्चित भएको सशर्त अनुदानतर्फको कार्यक्रमहरु मध्ये निम्न कार्यक्रमहरु कार्यालयबाट भुक्तानी हुने रु ५ लाखभन्दा कम भएमा सूचीकृत फर्म वा कम्पनी वा सेवा प्रदायकबाट दर भाउ माग गरी कम मूल्यमा सेवा वा वस्तु वा सामाग्री आपूर्ति गर्ने र खुद भुक्तानी हुने रकम रु ५ लाख भन्दा बढी भएमा शिलबन्दी दरभाउ पत्र वा बोलपत्र (खरिद ऐन, नियमानुसार) मार्फत् सेवा वा वस्तु ७ दिनको अवधिभित्र सम्बन्धित वडा कार्यालयमार्फत माग निवेदन कृषि विकास शाखामा प्राप्त हुने गरी सार्वजनिक सूचना प्रकाशन गर्ने र सो निवेदनमा निवेदकको नागरिकता, जग्गा प्रमाण पुर्जाको छाँयाप्रति, भाडामा जग्गा लिई कृषि उत्पादन कर्ता तथा कृषि उद्यमी भएमा लिजमा लिएको जग्गा सम्झौता पत्र र जग्गाधनी प्रमाण पुर्जाको छाँयाप्रति, नगर बाहिरको कृषि व्यवसायी भएमा सम्बन्धित वडा कार्यालयको स्थायी बसोबास वा व्यवसायी प्रमाणित गरेको पत्र तथा व्यवसायरत जग्गाको स्वामित्व व्यवसायीमा नरहेको भएमा सम्बन्धित वडा कार्यालयबाट स्थायी बसोबासी भएको पत्र समेत संलग्न भएको हुने गरी सूचना प्रकाशन गर्नुपर्नेछ ।

**निर्णय नं. ३:** यस नगरपालिकामा आ.व. २०७७/७८ को लागि सशर्त अनुदान मार्फत प्राप्त हुने सुनिश्चित भएको रु.१५ लाख बजेटको प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रमको लागि कृषक वा कृषि समूह वा कृषि फर्मलाई तोकिएको ल.ई. अनुसार भकारो सुधार कार्यक्रम संचालन गर्न प्रति इकाई अधिकतम रु.१२ हजारमा नबढाई ५०% अनुदान दिन नि.नं. २ अनुसार नै सूचना प्रकाशन गरी निवेदन माग संकलन गर्ने व्यवस्था हुन । यसै गरी प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गतको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको लागि प्राप्त हुने रु. २० लाख बजेटको कार्यक्रम गत वर्षदेखि नै संचालनमा रहेको वडा नं. ९ (तरकारी पकेट) र वडा नं. १० मा मकै पकेट छनौट गरी कार्यान्वयन गर्न उचित भएकोमा तोकिएको प्राविधिक समितिको राय/सिफारिस लिई नगर कार्यपालिकामा पेश गर्न निर्णय गरियो ।

**सशर्त अनुदान तर्फका कार्यक्रमहरु**

(क) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र ( पकेट) विकास कार्यक्रम ।
(ख) प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम १५ लाख ।
(ग) उन्नत धान बिउमा कृषकहरुलाई अनुदान कार्यक्रम ५ लाख ६३ हजार ।
(घ) उन्नत मकै बिउमा कृषकहरुलाई अनुदान कार्यक्रम ३ लाख ८५ हजार ।

**निर्णय नं. ४ :** चालु आ.व. २०७७/७८ को लागि नेपाल सरकारबाट यस नगरपालिकालाई प्राप्त हुने सशर्त अनुदान अन्तर्गत उन्नत धान खेतीको लागि प्राप्त हुने रु .५ लाख ५३ हजारको बर्खे

धानको बिउ, (स्थानीय जातको राधा-१२, लल्का बासमति, स्वर्णा सब-१, सुक्खा धान-१, सुक्खा धान-२, सुक्खा धान-३ आदी) सार्वजनिक सूचनाबाट तोकिएको मापदण्ड पूरा गरिएको बिउको लागि आपूर्तिकर्ता छनौट गर्ने र सो बिउ निर्णय नं. २ अनुसारको माग निवेदनको आधारमा वितरण व्यवस्था मिलाउन निर्णय गरियो ।

**निर्णय नं. ५:** चालु आ.व. २०७७/७८ को लागि नेपाल सरकारबाट यस नगरपालिकालाई प्राप्त हुने सशर्त अनुदान तर्फको उन्नत मकैको बिउ ५०% अनुदानमा उपलब्ध गराउन रु.३ लाख ८५ हजार प्राप्त हुनेमा स्थानीय जातको हाइब्रिड मकैको बिउ व्यवस्थापन हुन कार्यक्रम संचालन प्रक्रियामा उल्लेख भएतापनि स्थानी हाइब्रिड (रामपुर कम्पोजिट, रामपुर-१० मकैको बिउ हालसम्मको सम्पर्क र समन्वयका आधारमा पाउने अवस्था नभएकोले सकेसम्म उल्लिखित नै, उल्लिखित जातको उन्नत बिउ पाउन नसकिएमा स्थानीय स्तर तराई क्षेत्रमा बढी फल दिने मकैको बिउ सूचीकृत आपूर्तिकर्ता छनौट गरी निर्णय नं.२ अनुसार माग निवेदन संकलन गरी ५०% अनुदान ताकिएको कागजात पेश भएपछि सम्झौता गरिएको आपूर्तिकर्तालाई भुक्तानी हुन निर्णय गरियो ।

**निर्णय नं. ६:** चालु आ.व. २०७७/७८ को लागि यस नगरपालिकाको सातौं नगर सभाबाट प्राकृतिक जरुवा, पैनी मर्मत तथा साना सिंचाई कार्यक्रमको लागि रु. २५ लाख विनियोजन भएकोमा उक्त बजेट यसै समितिबाट स्थानीय मागको आधारमा स्थलगत अनुगमन गरी औचित्य हेरी समितिबाट आयोजनाको निर्णय भएअनुसार लागतको बढीमा ८० प्रतिशत सम्म अनुदान दिन निर्णय गरियो । साथै यस नगरपालिकाअनुदानको कार्यकमहरु केन्द्रको कार्यविधी मापडण्ड अनुसार सञ्चालन

**निर्णय नं. ७:** यस नगरपालिकाको सातौं नगरसभाबाट चालु आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तरकारी मिनिकिट वितरण कार्यक्रमको लागि विनियोजित बजेट रु. ५ लाखमध्ये रु.२ लाखमा तरकारीको बिउ खरिद गरी किसानलाई वितरण गर्न वडा कार्यालयहरुमा पठाइएकोमा हालसम्म भर्पाइ प्राप्त नभएकोले भर्पाइ पठाइदिन अनुरोध गर्ने र सो सम्बन्धी जवाफदेहिता वडा कार्यालयमा रहने समेत निर्णय गरियो ।

**निर्णय नं. ८:** अर्जुनधारा नगरपालिका कृषि विकास शाखाको चालु आ.व. २०७७/७८ मा विनियोजित बजेटको अनुदानका कार्यक्रमहरु केन्द्र सरकार तथा प्रदेश सरकारको कार्यविधि अनुसार संचालन/कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** यस मितिका निर्णयहरु कार्यालयको वेवसाइट मार्फत कार्यान्वयनको लागि सार्वजनिक गर्ने र वडामा खटिएका कृषि प्राविधिकहरुले आ-आफ्नो जिम्मेवारी ताकिएको वडामा निवेदन माग संकलन र समयमै कार्यालयमा निवेदन दाखिला तथा गरिने निर्णय कार्यान्वयन गर्ने निर्देशन/सहजीकरणको निर्णय गरियो ।

**निर्णय नं. १०:** बैठकको अध्यक्ष श्री दिलमाया दासबाट सहभागी सदस्यहरुलाई धन्यवाद दिई बैठक समापन गरियो ।